साईपाल गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

काँडा, बझाङ्ग

सुदूरपश्चिम प्रदेश, नेपाल ।

## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/११/१३**

यस साईपाल गाउँपालिकाको कार्यालबाट चालु आ.व २०७६/०७७ मा साईपाल गाउपालिकामा संचालन हुने तपसिल बमोजिमका निर्माणकार्यहरु गर्नुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ वमोजिम इजाजत पत्र, प्राप्त इच्छुक र योग्य निर्माण व्यवसायीहरुलाई निम्न शर्तहरुको अधीनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

| क.सं. | ठेक्का नम्बर | कामको विवरण | ल.ई. रकम (भ्याट सहित) | जमानत वापतको रकम | दरभाउपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०७६/०७७ | वडा २ भवन निमार्ण | ७६५३७८९.४९ | २०००००. | ३०००।०० | सैपाल गाउँपालिका |

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा कार्यालय समयमा उपस्थित भई रु. ३,०००।- रुपैयाँ (फिर्ता नहुने) दस्तुर तिरी यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सक्नेछन् ।

२. सिलबन्दी दरभाउपत्र खरिद गर्न आउँदा फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र, यस आ.व.को नवीकरण प्रमाण पत्र तथा भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नुपर्नेछ

३. सिलबन्दी दरभाउपत्र मिति २०७६/१२/११ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।

४. प्राप्त भएका दरभाउपत्रहरु अर्को दिन २:०० बजे खोलिनेछ । दरभाउ पत्र खोल्दा उपस्थित हुन चाहने दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधीहरु र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधीहरु उपस्थित नभएता पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

५. दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनेछ।

६. दरभाउपत्रदाताले RBB बैंक, शाखा कार्यालय चैनपुरको धरौटी खाता नं. 4110305019112 मा जमानत वापतको रकम जम्मा गरी सोको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट “क” वर्गको मान्यता प्राप्त बैंकले यस गाउँपालिकाको नाममा जारी गरेको बैंक ग्यारेन्टी जमानत पत्र वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको दरभाउपत्रको साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्र पेश गर्दा खामको वाहिर स्पष्ट रुपमा गाउँपालिकाको नाम, ठेक्का नं., कामको विवरण तथा बोलपत्रदाताको नाम र ठेगाना खुलाउनुपर्नेछ ।

८. दरभाउपत्रमा दर रेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक वा अस्पष्ट भएमा अक्षरलाई मान्यता दिईनेछ ।

९. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

१०. एक फर्मको नाममा दरभाउ पत्र खरिद गरि अर्कै फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

११. म्याद नाघी प्राप्त भएका, रीत नपुगेका, शर्त राखिएका तथा तोकिएको दरभाउपत्रको ढाँचामा फेरबदल गरि पेश भएका दरभाउपत्रहरु स्वतः अयोग्य हुनेछन् ।

१२. गाउँपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य व्यवस्था तथा शर्तहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१४. थप जानकारी आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

राधाकृष्ण जोशी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत